नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या:- २०८३।८४

चलानी नं.:- १०८

मितिः २०८३/५/१६

श्री संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं।

श्री संघीय मन्त्रालय/ आयोग / सचिवालय/ कार्यालय/ निकायहरु सबै।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरु, सबै।

श्री प्रदेश प्रमुखको कार्यालयहरु सबै।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै।

श्री स्थानीय तह, सबै।

विषयः निजामती सेवा दिवस सम्बन्धमा।

निजामती सेवा दिवस मूल समारोह समितिका अध्यक्ष नेपाल सरकारका मूख्य सचिवज्यूको अध्यक्षतामा मिति २०८३/५/१६ गते बसेको बैठकले गत भाद्र १० गते बिहान नेपाल-चीन सीमाक्षेत्र रसुवागढीमा आएको भीषण बाढीको कारण उत्पन्न विषम परिस्थितिमा सम्पूर्ण राज्य नै शोकको अवस्थामा रहेको र सबै राष्ट्रसेवक कर्मचारी तथा सुरक्षाकर्मीहरू खोज, उद्धार, राहत लगायतको विपद् व्यवस्थापनको काममा खटिई रहनु भएको हुँदा मिति २०८३/०५/०५ को निर्णयले मिति २०८३ भाद्र २२ गते मनाउन लागिएको २३औं निजामती सेवा दिवसका सम्पूर्ण निर्धारित कार्यक्रमहरू रद्द गर्ने र निजामती सेवा दिवस मनाउनका लागि विनियोजित बजेट भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने निर्णय गरेकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

(एकदेव अधिकारी)

सहसचिव